**नर्दन कम्यूनिटी लिगल सेन्टर : अप्रिल २०२०**

# रोजगारको अधिकार र कोविड-१९

**के मेरो रोजगार दाताले मेरो काम को समय घटाउन सक्छ ? अथवा जागिरबाट हटाउन सक्छ ?**

अस्थायी रोजगार:

यदि तपाईंले अस्थायी काम गर्दै हुनुहुन्छ र धेरै लामो समय भएको छैन भने, तपाईंको रोजगार दाताले तपाईंको कामको समय परिवर्तन गर्न सक्छ अथवा केहि सुचना बिना तपाईंलाई जागिरबाट हटाइदिन सक्छ ।

स्थायी रोजगार (लामो अवधिको अस्थायी, आशिक समय अथवा पूर्ण समय कर्मचारी)

यदि तपाईं पूर्ण समय कर्मचारी (यसमा ६ - १२ महिना काम गरेका आशिक रोजगारका कर्मचारी पनि पर्दछ), तपाईंको रोजगार दाताले तपाईंको कामको समय परिवर्तन गर्न अथवा तपाईंको सहमती बिना जागिरबाट निकाल्न सक्दैनन ।

तपाईंको रोजगारदाताले तपाईंलाई जागिरबाट निकाल्न अथवा तपाईंको कामको अवधी निम्न अवस्थामा घटाउन सक्छन्:

- अवस्था उनिहरुको नियन्त्रण भन्दा बाहिर हुन गएमा जुन अवस्थामा तपाईंको काम निरन्तर गर्न सम्भव छैन; अथवा
- तपाईंको संस्था जबकीपर भुक्तानी (jobkeeper payment) को लागि योग्य छ, जुन अवस्थामा तपाईंको आम्दानी पुरा जबकीपर भुक्तानी (jobkeeper payment) भन्दा कम हुँदैन (आधा महिना को $१५००).

जबकीपर (jobkeeper) परिवर्तन सम्बन्धी सुचनाको लागि यहाँ हेर्नु होला here.

**मलाई जागिर निरन्तर गरिएको छैन । मेरो अधिकार के हो त ?**

यदि तपाईंलाई जागिरमा निरन्तर गरिएको छैन भने, तपाईं निम्न कुराहरु सहित अरु धेरै कुराहरुको हकदार हुनसक्नु हुन्छ:

- यदि तपाईंको संस्थासँग केहि पैसा लिन बाकी छ अथवा तपाईंले ओभरटाइम काम गर्नु भएको छ;
- लामो सेवा गरे बापत पाउने बिदा यदि तपाईंले सोही काम ७ बर्ष भन्दा बढी काम गर्नु भएको छ भने (vic.gov.au/long-service-leave);
- तपाईंले आर्जन गर्नु भएको बार्षिक बिदा र लामो अवधी सेवा बापत पाउने बिदाको अधिकार, यदि तपाईं पार्ट्-टाईम अथवा पूर्ण अवधीको स्थायी रोजगार मा हुनुहुन्छ भने;
- तपाईंलाई सुचना दिएको निम्न समयको क्षतिपूर्ति यदि तपाईंलाई निकालिने अवस्थाको सुचना दिएको थिएन भने;
- कुनै काम नभएको अवस्था को तपाईंलाई दिइनु पर्ने क्षतिपूर्ति

तपाईंलाई रोजगारमा निरन्तर नगरिएको परिस्थितिहरु हेरेर, स्थायी कर्मचारीहरुले अनुचित बर्खास्त दावी पनि गर्न सक्ने छन् ।

तपाईंको बर्खास्त निम्न अवस्था म अनुचित हुन सक्छन् यदि::

1. यदि यो कठोर, अन्यायपूर्ण वा अव्यावसायिक किसिम बाट भएको छ; र
2. यदि यो वास्तविक काम नभएकोको अवस्था होईन ।.

जास्मिन ले एउटा कम्पनी म अफिस ब्यवस्थापकको रूपमा गत १२ बर्ष देखी काम गरिसके कि छिन् । उनीलाई उन को मालिक द्वारा कोविड्-१९ को कारण र आय घाटा भए को ले, उनको रोजगार तुरुन्त समाप्त हुनेछ भन्ने जानकारी गराए । उस लाई काम बर्खास्त गरिने बारे कुनै लिखित सूचना प्रदान नगरिएको कारण ले गर्दा, जास्मिने ले आफ्नो सम्पूर्ण न्यूनतम सूचना अवधि साथै साथै कुनै पनि आर्जित वार्षिक बिदा र लामो सेवा बिदा को क्षतिपूर्ति पा उने हक दार हुन्छ । उनि ले रिडन्डेन्सी भुक्तानी पाउने पनि हकदार हुन सक्छ।

**महत्वपूर्ण !**

यदि तपाईं विश्वास गर्नुहुन्छ कि तपाईंलाई अनुचित रूपमा बर्खास्त गरिएको छ भने तपाईंले आफ्नो दावी, तपाईंलाई बर्खास्त गरिएको २१ दिन भित्र (तपाईंले काम गर्नु भएको अन्तिम दिन को मिती देखी को हिसाब अनुसार) फेयर वोर्किङ कमिशन (Fair Working Commission) मा दावी गर्नु सक्नु हुनेछ ।

NORTHERN COMMUNITY LEGAL CENTRE

# नर्दन कम्यूनिटी लिगल सेन्टर : अप्रिल २०२०

अहमद साढेएक बर्ष देखि उही कम्पनीमा कारखाना सहायकको रूपमा काम गर्दै आएका छन् । ऊ क्याजुअल रूपमा कार्यरत छ र कुनै भुक्तानी-बिदा प्राप्त गर्दैन, तथापि ऊ हरेक हप्ता उही दिन र घण्टा काम गर्दछ । कोविद-१९ को कारण उसको हाकिमले उसलाई भन्छ, उनीहरुको काम गर्ने समय कम गर्दैछन्, तथापि अहमद थाहा छ कि कोविद-१९ ले गर्दा व्यापार प्रभावित भएको छैन, र यो उसको घण्टा काट्ने बहानाको रूपमा प्रयोग गर्दैछन् । यदि अहमद उसको काम गर्ने समय कम गर्न स्वीकार गर्न चाहँदैनन् भने, ऊ रिडन्डन्सी भुक्तानी (redundancy payment) को हकदार हुन सक्छ वा फेयर वर्क कमीशन (Fair Work Commission) मा अनुचित बर्खास्त दावी गर्न सक्छ ।

**के मलाई बिना तलबी बिदा दिएको बेला पनि वार्षिक विदा लिन बाध्य तुल्याउन सक्छ?**

कोविड्-९० को कारण अति नै प्रभाव पारेको रोजगार दाताको लागि बनाएको नयाँ अस्थायी कानूनले केही रोजगारदाताहरूलाई आफ्नो कर्मचारीहरूलाई केही सशुल्क वार्षिक बिदाको प्रयोग गर्न सक्ने कुरामा अनुमति दिन्छ, तर त्यसमा कम्तिमा २ हप्ताको बिदा बाकी राख्न पर्ने हुन्छ, वा आधा-तलब मा आफ्नो वार्षिक बिदा दोब्बर पनि पार्न सकिने छ । तर रोजगारदाताले यो अस्थायी कानुन प्रयोग गर्नको लागि त्यहाँ कडा मापदण्ड तोकिएका छन् ।

यदि तपाईंले आफ्नो काम गुमाउनु भएको छ, वा तपाईंको तलब कटौती भएको छ भने, तपाईंले फेयर वोर्क ओम्बदस्मन (Fair Work Ombudsman) मा सामान्य जानकारी लिन सक्नुहुन्छ अथवा नर्दन कम्यूनिटी लिगल सेन्टरबाट कानुनी सल्लाह लिन सक्नु हुन्छ । तपाईं जब सिकर (JobSeeker) भुक्तानीको पनि हकदार हुन सक्नु हुन्छ ।
**नर्दन कम्यूनिटी लिगल सेन्टर:**
**(०३) ९३१० ४३७६**

**म अरु जानकारी कहाँ पाउन सक्छु?**

**नर्दन कम्यूनिटी लिगल सेन्टर**:
northernclc.org.au/covid-19-facts-and-info
**फेयर वोर्क ओम्बदस्मन (Fair Work Ombudsman)**: १३ १३ ९४
fairwork.gov.au
**जबवाच (JobWatch):**
jobwatch.org.au
**जब सिकर भुक्तानी (Job Seeker Payments):**
servicesaustralia.gov.au/individuals/services/centrelink/jobseeker-payment
**जब किपर भुक्तानी (Job Keeper Payments):**
business.gov.au/risk-management/emergency-management/coronavirus-information-and-support-for-business/jobkeeper-payment

**नि: शुल्क कानुनी सल्लाह पाउनुहोस् !**

**नर्दन कम्यूनिटी लिगल सेन्टर**: (०३) ९३१० ४३७६ / admin@northernclc.org.au
**युथ वोर्कर सेन्टर** (30 बर्ष भन्दा कम उमेरकाल लागि): १८०० ७१४ ७५४
**जबवाच:** ९६६२ १९३३
**भिक्टोरिया लिगल एद:** १३०० ७९२ ३८७ / अरबिक: (०३) ९२६९ ०१२७
यदि तपाईं एक **युनियन सदस्य** हुनुहुन्छ भने, तपाईं सम्बन्धित सदस्यता सहयोग टीमलाई सम्पर्क गर्नुहोस् ।

**यो कागजात कानूनी सल्लाह होइन । यो सूचना/जानकारी २७ अप्रिल २०२० मुताबिक सहि छ, यद्यपी यस अवधिमा कुराहरु धेरै छिटो गतिमा परिवर्तन हुदैछ, त्यसैले यो सुचनाको आधारमा काम गर्नु भन्दा पहिले तपाईले छिटो भन्दा छिटो कानूनी परामर्शको खोजी गर्नुपर्दछ ।**

NORTHERN COMMUNITY LEGAL CENTRE